विनयी त्रिवेणी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
दुम्किवास,नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

# नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्वन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०७/२७**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस विनयी त्रिबेणी गाउँपालिका आर्थिक ऐन, २०७४ को व्यवस्था तथा गाउँकार्यपालिकाको मिति २०८१/०६/२१ गतेको निर्णय तथा जिल्ला विपद् समितिको निर्णयानुसार खोला खण्डको बगर क्षेत्रको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) हटाई संकलन भएको र उक्त संकलन भएको नदीजन्य पदार्थ तपशिल बमोजिम डम्पिंगभएको विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिककताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारी को लागि यो सुचना प्रकाशन गरिएको छ।

**तपशिल :**

| आय ठेक्का नम्बर | संकलन भएको स्थान | खोला खण्ड | परिमाण (घ.मि.) | न्युनतम बोलपत्र रकम (सेवाशुल्क र मु.अ कर बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 03/NCB/Rev/BT/2081-082 | सुनाही तल्लो खण्ड, सुनाही माथिल्लो खण्ड र पतखाहरे नजिक | सुनाहही खोला माथिल्लो खण्ड | ८७५२.८३ | २७८२३५०.०० | ८३४७०.०० | ३०००.०० | |
| 04/NCB/Rev/BT/2081-082 | खोरंडी | खोरंडी खोला | ५२८७.३७ | १६८०७५०.०० | ५०४२०.०० | ३०००.०० | |
| 05/NCB/Rev/BT/2081-082 | सिलौटेघाट पुल माथि (खयरघारी) | विनयी खोला सिलौटेघाट पुल माथि देखि दुम्कट्टा पुछार सम्म | ८६७६.३९ | २७५८०५०.०० | ८२७४०.०० | ३०००.०० | |
| 06/NCB/Rev/BT/2081-082 | पुल माथि, मझुवा र मसानमझुवा | मसानमजुवा देखि खुम्वारीसम्म | ५२३६.४१ | १६६४५५०.०० | ४९९३०.०० | ३०००.०० | |

**शर्तहरु :**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिककताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम बापत यस कार्यालयमा नगदै तिरेको वा सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवास मा रहेको यस कार्यालय को आन्तरिक राजश्व खाता नं. ००८१५४१३०७८ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले २०८१/०८/२७ गते १२:०० बजे सम्म विधुतीय माध्यमबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट सम्बन्धि कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित

सुमन पण्डित
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। बोलपत्र जमानत रकम कार्यालयको **सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किबास मा रहेको धरौटी खाता नं. ००८१५१५३३२६** मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नुपर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइलल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले २०८१/०८/२७ गतेका दिन दिनको १२:०० बजे भित्र विधुतीय माध्यमबाट बोलपत्र प्रति दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रितपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०८१/०८/२७ गते १:०० बजे पछी विभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. प्रि-बिड बैठक यो सुचना प्रकाशित मितिले २०८१/०८/१७ गतेका दिन दिनको १:०० बजे विनयी त्रिवेणी गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपलट सोही समयमा हुनेछ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र स्वीकृत भएमा सोको सुचना पाएको वा सुचना टाँस भएको मितिले १५ दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको **प्रथम किस्तावापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। प्रथम किस्ता वापत ५० प्रतिशतले** हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ साल भाद्र मसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। **प्रथम किस्ता वापत ५० प्रतिशतले** हुने रकम जेष्ट १५ भित्र अनिवार्य बुझाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउन् पर्नेछ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको बोलपत्र जमानत रकम जफत नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस गाँउपालिकाका नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) हटाउने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन ,२०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौता अभिन्न अंग मानिनेछ।

<u>ठेक्का सम्बन्धी अन्य शर्तहरु</u>

१. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०८२ साल जेठ मसान्त सम्म रहनेछ । तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिने छ , साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन ।यकिन भएको परिमाण भन्दा बढी परिमाण विक्री निकासी गरेको भेटिएमा बढी भएको परिमाणको थप रकम कबोल दर अनुसार गाउँपालिकामा बुझाउनु पर्ने छ।

२. बोलपत्र जमानत बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद बोलपत्र जमानत नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

३. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु फर्म वा कम्पनिले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ । माथि उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मू.अ.क. को हिसाब निकाल्नको लागि रसिद नं. को कम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा गाउँपालिकामा बुझाउँनुपर्नेछ ।

विनयी त्रिवेणी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला गण्डकी प्रदेश, नेपाल २०७३

सुमन पण्डित
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

४. ठेक्कामा कुनै विवाद भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

५. गाउँपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन ।

६. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र र कागजात पेश गर्नुपर्नेछ ।

७. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन।

८. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

९. ढुंगा, गिट्टी, वालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्वन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१०. ढुंगा,गिट्टी, वालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्वन्धमा गण्डकी प्रदेशबाट जारी गरएिको ढुङ्गा गिट्टि,वालुवा उत्खनन, संकलन, क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधी,२०७५, विनयी त्रिवेणी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७७ ,विनयी त्रिवेणी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७, ढुङ्गा गिट्टि,वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड, २०७७, चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्डहरु, २०७७ र अन्य प्रचलित नियमको मापदण्ड ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

११. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

१२. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१३. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

विनयी त्रिवेणी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला
गण्डकी प्रदेश, नेपाल
२०७४

सुमन पण्डित
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner